
# लेखापरीक्षण प्रतिवेदन

## म्याङलुङ नगरपालिका, तेह्रथुम

### आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## म्याङलुङ नगरपालिका, तेह्रथुम

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-६

च.न.:FAR/2080-81/LOC/93

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री प्रमुखज्यू,
म्याङलुङ नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
तेह्रथुम।

## कैफियतसहितको राय

हामीले **म्याङलुङ नगरपालिका**को आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत बार्षिक प्रतिवेदन, बजेट तुलानात्मक वितरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। गाउँपालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ७ करोड ८० लाख ६० हजार, पर्यटन वोर्ड नेपाल रु.१२ लाख ६१ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.१८ लाख ८० हजार र गरिबसँग विश्वेश्वर कार्यक्रमको रु.४ लाख १५ हजार र राष्ट्रपति महिला सशक्तीकरण परियोजना रु.१ लाख ९६ हजार समेत गरी रु. ८ करोड १८ लाख १२ हजार समावेश गरेको छैन।

२. नगरपालिकाको रु.१ अर्ब १७ करोड ६३ लाख ७८ लाख लेखापरीक्षण गरिएकोमा रू. ४ करोड १० लाख ५३ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा असुल गर्नुपर्ने रू. १ लाख ६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ३ करोड १३ लाख ३२ हजार, नियमित गर्नुपर्ने रु. ७४ लाख २३ हजार र पेस्की बाँकी रु.२१ लाख ९२ हजार रहेको छ। गत वर्षसम्म रु. ३८ करोड ५६ लाख ६९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.४२ करोड ६७ लाख २२ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्न **म्याङ्लुङ नगरपालिका**सँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

## अन्य बेहोरा

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी **म्याङ्लुङ नगरपालिका** व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनीयथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित

कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( बालकृष्ण थापा )

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

## चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४२ | ५२ | ४,१०,५२,९६४ | ० | ० | ० | ० | ४२ | ५२ | ४,१०,५२,९६४ | १,०५,५७१ | ७४,२३,०११ | ३,१३,३२,२२२ | ० | ० | ३,८७,५५,२३२ | २१,९२,१५९ |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| तेह्रथुम | ३८,५६,६९,००० | ० | ० | ३८,५६,६९,००० | ० | ४,१०,५२,९६४ | ४२,६७,२१,९६३ |

# (८०१०५४०१३०० - म्याङ्लुङ नगरपालिका, तेह्रथुम )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागि ता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस नगरपालिकाको उद्वेश्य रहेको रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्वेश्य हो । यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्वेश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस पालिकाको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०।८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।१८ देखि २०८१।५।२५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा पालिका प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको रु. १,१७,६३,७६,६७३ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | बहाल बिटौरी | ७७००० |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

- वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.७,८०,६०,४७०।८७, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु.१८,८०,००० गरिबसंग विश्वेश्वर कार्यक्रमको रु. ४,१५,०००, पर्यटन बोर्ड नेपाल रु.१२,६१,४२७ र राष्ट्रपति महिला सशक्तिकरण परियोजनाको रु. १,९६,०७५ सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३ **अनुदान फिर्ता**

संघ तथा प्रदेशले स्थानीय तहलाई प्रदान गरेको सशर्त र विशेष अनुदान आर्थिक वर्षको अन्त्य सम्म खर्च हुन नसकेमा बाकी खर्च हुन नसकेको रकम क्रमस संघीय संचित कोष र प्रदेश संचीत कोषमा फिर्ता गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष संघीय सशर्त र प्रदेश सशर्तमा प्राप्त गरेको अनुदान खर्च नभै बाकी रहेको रकम फिर्ता नगरी पालिकाको खातामा नै राखेकोले संघीय संचित कोषमा फिर्ता गर्नु पर्ने रु.१,९६,७०,७९० र प्रदेश संचित कोषमा फिर्ता गर्नुपर्ने रु.६,३९.२२१ समेत जम्मा रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,०३,१०,०११ |

४ **सुत्र बाहिरको कारोबार**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सुत्र बाहिरबाट रु.३,४३,७१,८५५ खर्च गरेको देखिन्छ । यस्ता सुत्र बाहिरबाट खर्च गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ ।

५ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ अनुसार पालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको पाईएन ।
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी आयोजना बैंक खडा गरेको देखिएन ।
- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी खर्च भएको जानेको अध्यावधिक गरेको पाईएन ।

- जिन्सी निरिक्षण प्रतिवेदनमा चालु हालतमा नरहेको, मर्मत गर्नु पर्ने तथा लिलाम गर्नुपर्ने भनी उल्लेख गरिएको जिन्सी सामग्रीहरुको कारवाही गरेको देखिएन ।
- कुनै रकमको भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गरी गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।
- पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन ।
- सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा रु. ३ लाख भन्दा कमको योजनामा पालना भएको पाईएन ।
- पालिकाबाट सञ्चालित योजना तथा कार्यक्रमको अनुगमन भएको भनी अनुगमन भत्ता भुक्तानी भए तापनि अनुगमन निरिक्षणको क्रममा देखिएको व्यहोराहरु प्रतिवेदनमा खुलाउने गरेको पाईएन ।
- वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।
- व्यवसायीहरुको अभिलेख अद्यावधिक गरी करको दायरामा नल्याएको ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

६ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.८०,००,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष२०८०।८१ मा रु.९४,१३,५६३ अर्थात अनुमान भन्दा १७.७ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

७ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ४४,६९,०४,८४९ | ९४,१३,५६३ | २.१ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.१ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

८ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | १२,००,००० | ६,५५,३२१ | ५४.७ |
| घरजग्गा वहाल कर | २,२५,००० | ११,४०,८९९ | ५०७.१ |
| व्यवसाय कर | ८,००,००० | ८,०४,९३० | १००.६ |
| वहाल विरौटी शुल्क | २५,००० | ४५,४०० | १८१.६ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

## ९ व्यवसाय कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.८,०४,९३० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

## १० आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

## ११ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

## १२ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखलेमिति २०८०।०४।३२ मा रु.५०,३०,२४,७०० बजेट सभा समक्ष पेश गरेकोमासभाबाट मिति २०८०।०४।३२ मा पारित भएको छ । यसैगरी स्थानीय तहका

प्रमुखले मिति २०८०।०६।१९ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

## १३ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.५० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि ५० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | वडा/पालिकास्तरीय | २९९ | ७ | ७९ | २१३ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।

## १४ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३५६७६५०० | २४९५०८२२ | ५.४ |
| २ | पूर्वाधार विकास | १२२५८०४६४ | १०८२९४१५६ | २३.७ |
| ३ | सामाजिक विकास | १२८६७०३२८ | १०८१९९६४८ | २३.६ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ३८९०००० | ३११०२६७ | ०.७ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | २३४१७७९४८ | २१३७२०८०० | ४६.६ |
| जम्मा | | ५२४९९५२४० | ४५८२७५६९३ | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये अन्य कार्यालय सञ्चालन तथा प्रशासनिकमा सबैभन्दा बढी ४६.६ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा ०.७ प्रतिशत रहेको छ ।

## १५ खर्च विश्लेषण

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु ९४,१३,५६३राजस्व बाँडफाँड र अनुदानबाट रु ४८,०४,५६,८५६ समेत रु.४८,९८,७०,४१९ आम्दानी भएकोमा चालु तर्फ रु.२७,०४,४३,७९९ र पूँजिगत तर्फ रु १८,७८,३१,८९४ समेत रु. ४५,८२,७५,६९३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.०५प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.२,०१,६९,००० खर्च भएको छ जुन आन्तरिक आयको २१४.२५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५५.२ प्रतिशत चालु र ४४.८ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१६ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

१७ **औषधी खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधिपालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना वाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले चुन चुन फार्मेसी, पोखरा समेतबाट रु.१७,९६,१०४ को औषधि खरिद गरेको देखिन्छ । आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्री नगरपालिका भित्रको स्वास्थ्य संस्थाहरुलाई माग फारमको आधारमा वितरण गरेको छ । औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

१८ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १८७८३१८९५ | २०९४०३० | ८६९९०९९ | ३११०५१११ | १४५९३३६५४ | ११९१७४३४२ |
| प्रतिशत | ८६.८ | १.११ | ४.६ | १६.५६ | ७७.६९ | ६३.४४ |

आषाढ महिनामा मात्र रु.११,९१,७४,३४२ (६३.४४ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१९ **ठेक्का व्यवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ०.३७ देखी ३३.०४ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा

पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ ।लागत अनुमानको तुलनामा घटी प्रतिशतमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क्र.सं. | योजनाको विवरण | बोलपत्रदाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | म्याङलुङ फोहरमैला व्यवस्थापन तथा प्रशोधन आयोजना | तागेरानिवा/सोल्मा जेभी तेह्रथुम | १६९०६२५४।२८ | १४४९८२०३।७८ | १४.२४ |
| २ | म्याङलुङ नपा १ को दवाली मोटर जाने बाटोमा मलामी बिश्रामस्थल | मिनाक्षी निर्माण सेवा तेह्रथुम | २९००२०३।३४ | २८९०६६४।६९ | ०.३३ |
| ३ | म्याङलुङ नगरपालिका कोलेनिका कार्यालय भवन निर्माण | एपोलो निर्माण सेवा | ४३४७३००।०३ | ३९८६८०४।४६ | ८.२९ |
| ४ | खेलकुद पूर्वाधार निर्माण वडा नं २ | ज्ञान गौरा निर्माण सेवा म्याङलुङ | १५४४५३४।२० | १५३२४२१।०९ | ०.७८ |
| ५ | म्याङलुङ टुडिखेल चर्कुवा फोहोरमैला डम्पिङसाईड हुदै सिकरीथुम्कासम्म सडक | ज्ञान गौरा निर्माण सेवा म्याङलुङ | ४८३११४४।८३ | ४०४२८३५।३७ | १६.३ |
| ६ | चक्रपथ निर्माण | ईस्ट बी.एन. कस्ट्रक्सन कम्पनी | १४४८७१५१।५८ | १४४३३६५०।४३ | ०.३७ |
| ७ | म्याङलुङ चक्रथप निर्माण | एपोलो निर्माण सेवा | १४४९०६८१ | ९७०३१३०।८५ | ३३.०४ |
| ८ | आधारभुत तथा आकश्मिक स्वास्थ्य सेवालको लागि औषधी खरिद | चुन चुन फार्मेसी | १५५०२०८।७५ | १३१२१५०।८० | १५.३६ |

## २० स्यानिटरी प्याड

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु ८५४ जना रहेका छन। पालिकाले हेल्थ एण्ड हाईजिन प्रोडक्टबाट १५,२८० थान स्यानिटरी प्याड रु.८,५५,२४६ (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले २४० थान मौज्दातमा राखी बाँकी विद्यालयहरुलाई वितरण गरेको देखिन्छ।

## २१ न्यानो झोला कार्यक्रम

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८०।८१ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका आम्बुङ बर्थिङ सेन्टरका लागि यस वर्ष ३० थान को रु.२६,९५० मा खरिद गरेकोमा ५ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका २५ थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

## २२ सफ्टवेयर खरिद

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यक्ताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र यकिन गरी लागत अनुमान तयार गरेर योजनाको सफ्टवेयरमा गत वर्षसम्म रु.४,९२,६८० भुक्तानी गरेकोमा यो वर्ष खरिद गरिएको छैन । सफ्टवेयर खरिदको आवश्यक्ता यस्तो लागत अनुमान त्यसको पूर्ण प्रयोग, उक्त सफ्टवेयर संचालनको स्वीकृति र सफ्टवेयर अडिट गरेको छैन । उक्त सफ्टवेयर प्रयोगमा आन्तरिक जनशक्ति परिचालन भन्दा पनि बाह्य परामर्श दाता माथि निर्भर रहेको छ। तसर्थ यस्ता सफ्टवेयर खरिद प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसंग आबद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ ।

२३ **पूँजीगत खर्चको अवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को पत्र ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा एवं भएसम्म खुल्ला रूपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो पूजीगत शिर्षकबाट रु.१०,९२,८६,०३०।२२ खर्च गरेकोमा रु.४,७६,७४,९५३।६५ अर्थात् ४३.६ प्रतिशत मात्र बोलपत्रबाट खरिद गरेको छ। कुल खरिद मध्ये सिलबन्दी दरभाउपत्रबाट रु.२८,२९,७०७।१५ सोझै रु.११,४६,३२४।७४ र उपभोक्ता समितिबाट रु.५,७६,३५,०४५ को खरिद गरेको छ । सोझै खरिद तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

२४ **परामर्श तथा डीपीआर खर्च**

सार्वजनिक खरिद ऐन २०६३ को नियम ८. ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यक्ताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले संभव नहुने विषयमा मात्र परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा गत वर्ष जिरिखिम्ति बहुमुखी क्याम्पसको डिपिआर कार्यमा रु.९,९८,६५७ र यस वर्ष नगरपालिकाको ओ एण्ड एम कार्यमा रु.४,७४,६०० समेत कुल रु १४,७३,२५७ खर्च गरेको छ । यसरी गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन । यस्ता परामर्श तथा प्रतिवेदन खरिद गर्दा ती आयोजना एव कार्यक्रमको लागि बजेट व्यवस्था गरेर कार्यान्वियनमा जाने विषयमा समेत कार्यक्रमले ध्यान पुयाएको छैन । प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वियनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्याउनु पर्दछ ।

२५ **पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रु. २१,९२,१५३ बाँकी रहेको देखिन्छ । उक्त सबै पेश्कीहरु म्याद नाघेकाले नियमानुसार फस्र्यौट गर्नुपर्ने रु...

| क्र.सं. | पेश्की लिने | पेश्की प्रयोजन | म्याद ननाघेको पेश्की | म्याद नाघेको पेश्की |
|---|---|---|---|---|
| १ | चौतारी युवा क्लब | शारिरिक सु संगठन सामग्री | ० | १,००,००० |
| २ | एपोलो निर्माण सेवा | म्याङलुङ चक्रपथ निर्माण | ० | ८,४८,५०० |
| ३ | एपोलो निर्माण सेवा | भवन निर्माण | ० | ३,४४,५०० |
| ४ | जिल्ला खेलकुद विकास समिति | खेलकुद कार्यक्रम | ० | ५,५५,५५५ |
| ५ | शम्सेर बहादुर मगर | इन्धन | ० | ६५,००० |
| ६ | अन्जु खापुङ्ग | कार्यालय संचालन | ० | ५,००० |
| ७ | राम प्रसाद पोख्रेल | नगर सभा सन्चालन | ० | २,७३,५९८ |
| | जम्मा | | | २१,९२,१५३ |

| | |
|---|---|
| पेश्की | २१,९२,१५९ |

२६ **कन्टिन्जेन्सी खर्च**

निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची १ मा तोकिएको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ । कार्यालयले कन्टिन्जेन्सी खर्च तर्फ रु.१९,०५,९८० मध्ये अनुगमनमा रु.१७,१५,९८० र ईन्धनमा रु.१,९०,००० खर्च लेखेको छ।

सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नु पर्नेमा गरेको देखिएन। योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टि गर्नुपर्छ।

महालेखा नियन्त्रक कार्यालयले २०७४ सालमा जारी गरेको आर्थिक संकेत तथा वर्गीकरण सम्बन्धी पुस्तिकाको खर्च संकेत तथा वर्गीकरणअनुसार विभिन्न खर्च संकेत नम्बरबाट खर्च लेखाङ्कन गर्नुपर्ने रकमहरू जस्तै मर्मत संभार, स्टेशनरी छपाइ, सूचना प्रकाशन, इन्धन, दैनिक भत्ता जस्ता कार्यमा रु समेत सार्वजनिक निर्माण शीर्षकबाट खर्च लेखेको देखिएको छ। जुन उक्त खर्चको संकेत तथा वर्गीकरण अनुसार मेल खाने देखिँदैन् ।

कन्टिन्जेन्सी रकमको सीमा सबै निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी बापत थप गर्ने व्यवस्था गरेको छ। वर्क चार्ट स्टाफ खर्च र र सानातिना अन्य खर्चका प्रकृतिका आधारमा निश्चित रकमको लागत अनुमान तयार गर्दा मात्र उक्त प्रतिशत कायम गरी बढी मुल्यको लागत अनुमान तयार गर्दा यस्तो प्रतिशतमा पुनरावलोकन गर्नु पर्दछ ।

कन्टिन्जेन्सी रकमवाट विविध कार्यालय मालसामान, इन्धन लगायतका चालू खर्च शीर्षकका खर्चहरू समेतलाई पुँजीगत बजेट शीर्षक तर्फ समावेश गरी खर्च गरेकोले सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ ले उल्लेख गरे बमोजिम अन्य सानातिना खर्च छुट्याएर मात्र कन्टिन्जेन्सी रकम खर्च भएको यकिन गर्ने विवरण समेत तयार गर्नुपर्दछ ।

२७ **अधुरा योजना**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसारका योजनाको कार्य सम्पन्न हुन नसकी जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व विगत वर्षहरुको समेत सार्दै आएको छ । सम्पन्न नगरी अधुरोरहेको कारण सोको उपयोग हुन सकेको छैन भने त्यस्ता योजना अलपत्र अवस्था समेत रहँका छन् । यस सम्बन्धमा पालिकाले जिम्मेवारीपूर्वक कार्यसम्पादन गर्नुपर्दछ ।

| क्र.सं. | योजनाको नाम | निर्माण व्यवसायी | सम्झौता मिति | सम्पन्न गर्नुपर्ने मिति | यो बर्षसम्मको भुक्तानी | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|
| १ | म्याङलुङ चक्रपथ निर्माण | एपोलो निर्माण सेवा म्याङलुङ २ तेह्रथुम | २०८१।११।८ | | ४४१५१२७।५२ | ३५% |
| २ | सहिद नेत्र गुराँगाई पाथिभरा मन्दिर किरातेश्वर पर्यटन क्षेत्र संरक्षण कार्यक्रम | सुनकोशी कन्स्ट्रक्सन नेपाल प्रालि काठमाडौ | १०७८।३।२८ | २०७८ फाल्गुन मसान्त | १३४००००० | ५% |
| ३ | म्याङलुङ बजारको रोड मर्मत | सिविन निर्माण सेवा म्याङलुङ २ तेह्रथुम | २०७९।१२।१२ | २०८१ असाढ मसान्त | ५१९२५२ | १७% |

२८ **हेभी इक्विपमेण्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन ।

२९ **लागत सहभागिता**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

३० **विविध खर**

विविध खर्चमा रु.१०,००,००० खर्च भएको छ । जुन नगरपालिकाको आन्तरिक आय रु.९४,१३,५६३ को १०.६२ प्रतिशत देखिन्छ । यस्ता प्रकृतिका खर्चलाई नियन्त्रण गर्नुपर्दछ ।

३१ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले गरिबी तथा विपन्न जनता उपचार खर्च उपलब्ध गराउने कार्यविधी २०७५ तयार गरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.४,८०,००० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ९४,१३,५६३ को ५.१ प्रतिशत हुन आउँछ । यस्तो खर्चमा नियन्त्रण हुनु पर्दछ ।

३२ **जिन्सी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

- कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गरेका छन

  नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार,

लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

३३ **सामाजिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको

पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

३४ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ९१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४५ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, वरिष्ठइन्जीनियर, सहायक पाचौ सहित ४६ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

३५ **कर्मचारी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन। पालिकाले उल्लेखित पदहरुमा बाहेक सामाजिक परिचालक, कम्प्युटर अपरेटर समेत कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.२६,०७,१११ भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

३६ **तलबी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ कर्मचारीको रु.२,०२,२५,६७० र पालिकाका कर्मचारीको रु.१,८४,३९,८७१ समेत रु. ३,८६,५६,५४१ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

३७ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म ११ वटा ऐन, ११ वटा नियमावली, ३० कार्यविधि र १ वटा नीति समेत जम्मा ५३ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ। साथै उक्त कानूनहरु राजपत्रमा प्रकाशित गरेका छन।

३८ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ६ र यो वर्ष थप भएको १ गरी कुल ७ विवाद दर्ता भएकोमा ६ वटा फर्स्यौट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

३९ **कर्मचारी कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले कल्याणकारी कोषमा रु. ३,७९,३०५ मौज्दात राखेकोमा पालिकाले यस वर्ष रकम विनियोजन गरेको देखिएन । उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानुनको व्यवस्था भएको देखिएन । पालिकाले कानून बनाई कोष संचालन गर्नुपर्दछ ।

४० **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ३५ वटा सहकारी संस्था रहेका छन् । जसमध्ये १९ वटा सहकारी सक्रिय रहेको र बाँकी १६ वटा सहकारी निष्कृय रहेको छ । पालिका भित्रका सहकारी संस्थाहरु मध्ये ११ वटा सहकारीले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाईयो भने बाँकी २४ वटा सहकारीले विवरण पेश गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । पालिकामा सहकारी सम्बन्धि उजुरी तथा गुनासो परेको छैन भनी नगरपालिकाले जनाएको छ। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

४१ **फोहोरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

४२ **सुरक्षित नागरिक आवास**

सुरक्षित नागरिक आवास कार्यविधि, २०७५ को बुँदा ३ अनुसार लक्षित वर्गको पहिचान पश्चात बुँदा ५(४) वमोजिम स्थानीय तहसँग सम्झौता गरी पहिलो किस्तावापत ६० प्रतिशत रकम उपलव्ध गराइने र उक्त रकम लाभग्राहीले जस्तापाता र काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य अगाडी वढाउन खर्च गर्नुपर्ने र निर्माण सम्पन्न भएको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा वाँकी ४० प्रतिशत रकम दोस्रो किस्तामा उपलव्ध गराउने व्यवस्था रहेको छ।आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने विल, भरपाई र प्रमाण र कागजात सम्लग्न हुनुपर्ने नियम ३९(१०) बमोजिम भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । तर यस पालिकाले सुरक्षित नागरिक आवासको पहिलो किस्ता बापत १७९ जनाको खातामा प्रथम किस्ताको रकम निकासा गरेकोमा १४९ जनाले मात्र दोस्रो किस्ता बापतको रकम बुझेको देखिन्छ । कार्यालयले प्रथम किस्ता बापतको रकम पेश्की जनाई दोस्रो किस्ता बापतको रकम कार्यसम्पन्न प्रतिवेदन पेश भएपश्चात पेश्की फर्स्यौट गर्नुपर्नेमा पहिलो किस्ताको रकम बजेट खर्च जनाएको र उक्त खर्च प्रमाणित गर्ने कागजात संलग्न नभएकाले प्रथम किस्ताको रकम बुझि दोस्रो किस्ताको रकम नलिएका ३० जना लाभग्राहीहरुको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु

**(विस्तृत विवरण बेरूजु दफा ४२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,५०,००० |

४३ **लागत साझेदारी**

साना सिंचाई कार्यक्रम अन्तर्गतको कार्यक्रमको उपभोक्ता समिति र स्थानीय तह बिचको सहमतीमा उक्त कार्यको लागतमा स्विससरकारको ३० प्रतिशत, संघीय सरकारक, प्रदेश सरकार र स्थानीय तहको प्रत्येकको २० प्रतिशत र उपभोक्ता समितिको १० प्रतिशत लागत साझेदारी हुने उल्लेख छ । सोही सम्झौता बमोजिक कार्यक्रम सञ्चालन भई कार्यक्रम समपन्न भई अन्तिम किस्ता भुक्तानी

भएको निम्न योजनाहरुमा सम्झौतामा उल्लेख भए बमोजिमको अनुपातमा खर्च नभएको पाइयो । सम्झौतामा उल्लेख भएको अनुपात भन्दा फरक अनुपातमा संघमा बढि खर्च भएको भुक्तानी मध्ये संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.४९८६७२। प्रदेश संचित कोषमा कम खर्च भएको रु.१९०९५७ प्रदेश सरकाबाट माग गर्नुपर्दछ र स्विस तर्फको कम खर्च भएको रु.९३५३३१। स्विस तर्पको एस डि सि बाट सोधभर्ना माग गर्नुपर्ने गरी कुल रु. १६,२४,९६०। को प्रमाण पेश गर्नुपर्ने रु

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ४३.१ | म्याङ्लुङ नगरपालिका | १,६२४,९६० |

**(विस्तृत विवरण बेरूजु दफा ४३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,२४,९६० |

४४ **मु अ कर**

ढुंगा गिट्टी बिक्री बापत अमानतबाट पटके रसिदबाट रु.४,२७,९९३ असुल गरेको देखियो । ठेक्का बन्दोवस्त गरेकोमा ठेक्का लाग्न नसकेको भनी अमानतबाट कर्मचारीबाट नै उक्त रकम असुल गरेको देखियो । रकम असुल गर्न कुन कुन नाका प्रयोग गर्ने, अमानतबाट उठाउने कर्मचारी र क्षेत्र तोक्ने लगायतका निर्णय पालिकाबाट नहुदा कुन कुन नाकाबाट रकम उठाईएको हो यकिन हुन सकिएन । राजस्व आम्दानीलाई पारदर्शी बनाउनु पर्दछ ।

साथै उक्त रकम असुल गर्दा मू.अ. कर समेत असुल गरी मू.अ.कर ऐन २०५८ बमोजिमले हुने रु.५५,६३९ असुल गरी राजस्व दाखिला गर्नुपर्नेमा उक्त रकम असुल नभएकाले राजस्वमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५५,६३९ |

४५ **समानिकरणबाट शिक्षक पारिश्रमिक**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयवाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०८० का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। तर पालिकाले स्वीकृत दरबन्दी बाहिरका ७ वटा विद्यालयका शिक्षकहरुलाई पर्व खर्च सहित बार्षिक रु.१४,९९,५४०।- वित्तीय समानिकरण अनुदानबाट तलब भत्ता भुक्तानी गरेको देखियो । उल्लेखित व्यवस्था विपरित तलब भुक्तानी गर्नु अनियमित देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | १४,९९,५४० |

४६ **बढि ग्रेड भुक्तानी**

शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ । नगरपालिकाले शिक्षकहरुको तलबी प्रतिवेदन पारित गराई तलब भुक्तानी दिएकोमा निम्न शिक्षकहरुको तलब भुक्तानी गर्दा ग्रेड बढी भुक्तानी भएकाले निज शिक्षकहरुबाट असुल गर्नुपर्ने रु.

| विद्यालयको नाम | शिक्षकको नाम | ग्रेड पारित | भुक्तानी ग्रेड | महिना | ग्रेड दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| सरस्वती मा.वि. | डम्मा कुमारी दाहाल | ६ | ७ | ३ | ११५८ | ३४७४ |
| | उद्धवकुमार लामिछाने | ६ | ७ | ३ | ११५८ | ३४७४ |
| सिंहबाहिनी मावि | गीता उप्रेती | ३ | ४ | ३ | १४५६ | ४३६८ |
| हरिहर आ.बि. | शिव प्रसाद शाह | २ | ३ | ३ | १४५६ | ४३६८ |
| जम्मा | | | | | | १५६८४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,६८४ |

४७ **नमुना विद्यालय**

आर्थिक वर्ष २०८०।८१ को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत मिति २०८०।०६।३१ मा स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को बुदा न २.८.८ मा नमुना विद्यालय सुधार गुरुयोजना अन्तर्गत भौतिक पूर्वाधार निर्माण लागि सम्बन्धित स्थानीय तहमा रु १ करोड पठाइएको र सो रकम सम्बन्धित विद्यालयलाई उपलब्ध गराउदा हालसम्मको कार्य प्रगति तथा सम्पादन हुने कार्यक्रमको लागत अनुमान सहित अनुदान माग गर्न लगाई उपलब्ध गराउने व्यवस्था छ ।अनुदान उपलब्ध गराउदा बिद्यालय र स्थानीय तहबीच सम्झौता गरी उक्त सम्पूर्ण अनुदान रकम सम्बन्धित विद्यालयको खातामा निकासा गरी लेखापरीक्षण समेत विद्यालयबाटै हुने निर्देशन भएको छ । सोही अनुरुप उपर्युक्त कार्यक्रम पुस्तिकाको व्यवस्था अनुरुप कार्य प्रगतिको आधारमा निकासा नभई पुरै रकम रू.१ करोड यस पालिका अन्तर्गतको श्री सरस्वती माध्यामिक बिद्यालयलाई निकासा गरेकोमा ४४७७०२६।४२ को मात्र कार्य भएकोमा पालिकाबाट पुरै रकम रु १ करोड भुक्तानी भएको छ । बाँकि रकम खर्च भएको नदेखिएकाले उक्त कार्यमा भएका खर्चका प्रमाण कागजात पेश हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५५,२२,९७३ |

४८ **जडानको प्रमाण**

विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान बापत सरस्वती माध्यामिक विद्यालयलाई नगर शिक्षा समितिको निर्णयअनुसार विज्ञान प्रयोगशाला निर्माणको लागि नगरपालिकाले विद्यालयसँग भएको सम्झौता अनुसार न्यू ग्लोबल सप्लायर्स एण्ड ट्रेडर्स (६१२५६११५१) समेतबाट प्रिन्टर, विज्ञान प्रयोगशालाका उपकरण तथा सामग्रीहरु, ल्याबटप समेतमा रू. ६,५०,०००।- खर्च लेखाङ्कन गरेकोमा पालिकाबाट उक्त सामानहरूको भौतिक परीक्षणसहितको अनुगमन प्रतिवेदन पेश गरेको छैन । साथै विद्यालयले खरिद गरेका विज्ञान प्रयोगशालाका उपपकरण तथा सामग्रीहरु तोकिएको स्पेटीफिकेशन बमोजिम प्राप्त भए नभएको सम्बन्धमा प्राविधिक प्रतिवेदन (Post Delivery Inspection -PDI) पेश गरेको प्रभाव देखिएन । यसबाट तोकिएको लक्ष्य तथा उद्देश्य हासिल भएको र तोकिएको स्पेशिफिकेशन बमोजिमकै सामग्री खरिद गरेको यकिन हुन नसकेकोले प्राविधिक प्रतिवेदन समेत जडान गरेको प्रमाण पेश हुनुपर्ने देखिन्छ । उक्त सामग्री जडानको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,५०,००० |

४९ **छात्रवृत्ती**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा यस नियमावली बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था उल्लेख छ। नगरपालिकाबाट सिहंबाहिनी माबिलाई छात्रवृत्तिबापत रु.८०,५०० भुक्तानी गएकोमा रु.७६,५०० को मात्र भर्पाई पेश भएकाले बाँकी रु.४,००० फिर्ता गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,००० |

५० **आय कर**

आयकर ऐन, २०५८ को दफा ८ मा प्राकृतिक व्यक्तिको सो आयवर्षको रोजगारीबाट प्राप्त पारिश्रमिक गणना गर्दा तलब, भत्ता लगायतका रोजगारीका सम्बन्धमा गरिएका सबै प्रकारका भुक्तानी समावेश गरिने र कूल कर योग्य आयबाट छुट तथा कट्टा गर्न पाउने रकम कट्टा गरी बाँकी करयोग्य आयमा समावेश गरी दफा ८७ बमोजिम दम्पतिको लागि रू. ६,००,०००।– सम्म कर योग्य आयमा १ प्रतिशत, रू. ६,००,०००।– भन्दा थप रू. २,००,०००।– को लागि १० प्रतिशत समेत आय कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न कर्मचारीको कर कट्टी नगरेकोले सम्बन्धितबाट असुल गरी राजश्व दाखिला गर्नुपर्ने रू.

| क्र.सं. | कर्मचारीको नाम | कर योग्य बार्षिक आय | असुल गर्नुपर्ने कर |
|---|---|---|---|
| १ | सृजना राई | ७,३४,०३२ | १३,४०३ |
| २ | केशव प्रसाद ढुंगाना | ६,२५,९५३ | २,५९५ |
| जम्मा | | | १५,९९८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,९९८ |

५१ **हस्तान्तरण नभएको**

सम्बन्धित निकायलाई आवश्यक भई खरिद गरिएको उपकरण तथा सामग्री तत्कालै हस्तान्तरण गर्नुपर्दछ । नगरपालिकाले निम्न स्वास्थ्य सामग्री तथा उपकरणहरु खरिद गरी स्वास्थ्य संस्थालाई हस्तान्तरण नगरी मौज्दातमा राखेको देखिएकाले उक्त सामग्री तथा उपकरणहरु हस्तान्तरण गर्नुपर्ने रु.

| भौचर।मिति | कार्यक्रम | सामग्री तथा उपकरण | रकम |
|---|---|---|---|
| १७६।३।१८ | मातृ तथा नवशिशु कार्यक्रम | पीएनसी झोला र स्वास्थ्य उपकरण | १,१७,६२४ |
| १९५।३।२० | पोषण कार्यक्रम | टिनको बाकस | २२,००० |
| २०५।३।२३ | परिवार योजना सेवा | इम्प्लान्ट र आईयुसीडी | ३४,६५४ |
| जम्मा | | | १,७४,२७८ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,७४,२७८ |

५२ **सामुदायिक सिकाई केन्द्र**

भौचर नं१३७।२।२१

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (१०) वमोजिम कुनै रकमको भुक्तानी दिदा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । नगरपालिकामा ५ वटा सिकाई केन्द्र संचालनमा रहेको छ ।संचालनमा रहेका सिकाई केन्द्रलाई परिचालिकाको तलबबापत बार्षिक रु.१,२०,००० र सामुदायिक सिकाई केन्द्रले पेश गरेको प्रस्तावना अनुसार खर्च गर्ने र सम्पादित सम्पुर्ण विवरण र खर्चका सक्कल प्रमाण कागजातहरु नगरपालिकामा पेश गर्ने गरी प्रत्येकलाई रु.१,२०,००० समेत जम्मा रु.२५०,००० का दरले भुक्तानी दिएकोमा निम्न सिकाई केन्द्रहरुले खर्चका बिल भर्पाई पेश नगरेकाले खर्चका प्रमाणहरु पेश गर्नुपर्ने रु.

| क्र.सं. | सिकाई केन्द्र | रकम |
|---|---|---|
| १ | गुराँस सामुदायिक सिकाई केन्द्र | २,५०,००० |
| २ | सेक्मुरीफुङ सामुदायिक सिकाई केन्द्र | २,५०,००० |
| ३ | साब्ला सामुदायिक सिकाई केन्द्र | २,५०,००० |
| जम्मा | | ७,५०,००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,५०,००० |

५३ **अनुगमन**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १६(४) ख(५) मा उपाध्यक्ष वा उप-प्रमुखको काम, कर्तव्य वा अधिकार अन्तर्गत योजना तथा कार्यक्रमको अनुगमण तथा सुपरिवेक्षण गरी सो को प्रतिवेदन बैठकमा पेश गर्ने उल्लेख छ । यस पालिकाको विभिन्न योजना तथा कार्यक्रमको परीक्षण गर्दा निम्न योजना तथा कार्यक्रमको तोकिए बमोजिम अनुगमन भएको देखिएन । आंशिक रुपमा अनुदान हुने गरेको पालिकाले जनाएको छ । उक्त प्रतिवेदन परीक्षण गर्दा समेत अनुगमन गरेको समय र मिति नखुलेको, अनुगमनमा संलग्न पदाधिकारीको विवरण नखुलेको, अनुगमनबाट देखिएका ब्यहोरा र दिएको सुझाव समेत उल्लेख भएको देखिएन । तोकिए बमोजिम योजना तथा कार्यक्रमको ठोस अनुगमन भई प्रतिवेदन भई प्रतिवेदन पशे नुहँदा योजना संचालनमा मितव्ययीता अपनाएको तोकिएको गुणस्तरको निर्माण सामग्री तथा वस्तु प्रयोग भएको सुनिश्चित गर्न नसकिने हुन्छ । अतः ऐनमा तोकिए बमोजिमम योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सो को प्रतिवेदन बैठकमा पेश गर्नुपर्ने देखिन्छ । अनुगमन नभएका योजनाका उदाहरणहरु

| भौचर नं। मिति | कार्यक्रम | रकम | कैफियत |
|---|---|---|---|
| १०७। १२।३० | कालिका माविमा पुस्तकालय तथा आइसिटी व्यवस्थापन | ६५०,००० | स्माट बोर्ड लगायतका विद्युतीय उपकरणको PDI प्रतिवेदन समेत नभएको । |
| | सिंहबाहिनी माविलाई प्रदान गरेको कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानबाट खेलकुद सामग्री र सांस्कृतिक पोशाक खरिद | ३००,००० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,५०,००० |

## ५४ अग्रिम भुक्तानी कर

आयकर ऐन २०५८ को दफा ८९ वमोजिम ठेक्का वा करारको भुक्तानीमा अग्रिम कर १.५ प्रतिशतका दरले कर कट्टि गर्नुपर्ने व्यवस्था उल्लेख भएकोमा निम्न विद्यालयहरुले पुस्तकालय, आइसिटि, विज्ञान प्रयोगशालाका सामाग्री खरिदमा निम्नानुसारको १.५ प्रतिशतले अग्रिम कर कट्टी नगरेको रु

| भौचर नं। मिति | विद्यालय | जम्मा रकम | करकट्टी नगरेको रकम |
|---|---|---|---|
| १०७।२०८०।१२।३० | कालिका मावि | ६५०,००० | ९,७५० |
| १०७।२०८०।१२।३० | सिंहवाहिनी मावि | ३००,००० | ४,५०० |
| | कुल | | १४,२५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,२५० |

## ५५ सामाजिक सुरक्षा

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ ।कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले ३ वटा वाणिज्य बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। लाभग्राहीहरुलाई सामाजिक सुरक्षा भत्ता ईएफटीमार्फत रु.७,८०,६०,४७० भुक्तानी भएको सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छनः

- सामाजिक सुरक्षा नियमावली २०७६ को नियम ९ अनुसार प्रत्येक आर्थिक वर्षको भदौमसान्त भित्र लाभग्राहीको परिचयपत्र नविकरण गर्नुपर्ने र नियम ११ मा नियम ५ अनुसार छनौट भएका लाभग्राहीलाई निवेदन दिएपछिको महिनापछि भत्ता वितरण हुनुपर्ने व्यवस्था रहेको छ । पालिकाबाट नविकरण सम्बन्धमा विवरण प्राप्त नभएकोले यस सम्बन्धमा यकिन गर्न सकिएन।
- कार्यविधीको बुँदा नं. २८ अनुसार प्रत्येक पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङ्कन तथा सुपरिवेक्षण गर्न उपाध्यक्षको संयोजकत्वमा ७ सदस्यीय अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरी सोही अनुरुप अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नु पर्दछ। साथै बुँदा नं. ३५ अनुसार वडा समितिले प्रत्येक चौमासिकमा कम्तिमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने, सार्वजनिक सुनुवाइमा प्राप्त गुनासा तथा सुझावमध्ये आफूले सुधार गर्न सक्ने कुरा सम्बोधन गरी सुधार गर्न नसक्ने खालका सुझाव तथा गुनासाहरु सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाउनुपर्ने उल्लेख छ । वडा कार्यालयहरुमा सार्वजनिक सुनुवाइ भएको र गुनासा सम्बोधनको लागि स्थानीय तहको कार्यालयमा पठाएको प्रमाण पेश हुन आएन । साथै निर्देशिका अनुरुप समिति गठन गरी अनुगमन गरेको समेत पाइएन । तसर्थ कार्यविधीको पालनामा ध्यान पुर्याउनुपर्दछ ।
- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधी, २०७५ को दफा २७ बमोजिम नेपाल सरकारको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित, केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाइ तथा जिल्ला समन्वय समितिको कार्यालयले भत्ता

वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएतापनि यस वर्ष सम्बन्धित निकायले कार्यविधी अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन ।

- कार्यविधीको अनुसूची ७ को बुँदा नम्वर ७ मा बैंक तथा वित्तीय संस्थाले सामाजिक सुरक्षा विशेष बचत खाताहरु मध्ये निष्कृय (डोरम्यान्ट) खाताको विवरण प्रत्येक वर्षको श्रावण र माघ महिनाभित्र केन्द्रीय पञ्जिकरण विभाग तथा कार्यालयलाई दिनुपर्ने उल्लेख छ । कार्यालयबाट विवरण माग भएतापनि बैंकबाट सो विवरण प्राप्त भएको पाइएन । कार्यालयले निष्कृय खाताको विवरण यथासिघ्र यकिन गरी रकम बाँकी भए संघीय सञ्चितकोषमा दाखिला गर्नुपर्दछ ।

५६ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस वर्ष ६०१ जना बेरोजगारी अध्यावधिक गरिएको छ । नगरपालिका अन्तर्गत १० वडामा सडक मर्मत तथा सरसफाई समेतका योजना सञ्चालन गरी यस वर्ष ८२ जनालाई औसत १०० दिनले ८,२०० दिन रोजगारी उपलव्ध गराई रु.५३,०६,५९२ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

५७ **शीर्षक फरक पारी खर्च**

एकीकृत आर्थिक संकेत, वर्गीकरण र व्याख्या, २०७४ मा फरक शीर्षकबाट खर्च लेख्न नपाउने व्यवस्था छ । पालिकाले निम्नानुसारको खर्च लेखेकोमा जुन शीर्षकबाट खर्च लेख्नुपर्ने हो सो नगरी फरक शीर्षकबाट खर्च लेखी भुक्तानी गरेको देखियो । यसबाट तोकिएको शीर्षकमा खर्च लेखाङ्कन तथा विश्लेषण नहुने देखिएकाले यसबाट तयार गरिएको आर्थिक विवरणले यथार्थ अवस्था चित्रण हुने देखिदैन । यसरी नियम विपरित खर्च लेखी भुक्तानी गरेको रकम अनियमित देखिएको रु.

**(विस्तृत विवरण बेरूजु दफा ५७ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| अनियमित भएको | १८,५२,५४४ |

५८ **बितरणमुखी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले संचालन गरेको कार्यक्रमको नमुना परीक्षणको क्रममा निम्नानुसारको कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ ।

| भौचर नं/मिति | कार्यक्रम | रकम |
|---|---|---|
| ४।१०।२६ | सिताराम अधिकारीलाई मौरीको घार खरिद | २५००० |
| ५।११।६ | बम बहादुर श्रेष्ठ मौरीपालन | ९१२०० |
| | मायाको चिनो (ढाका कपडा) | ४००००० |
| | अतिथि सत्कार तथा नगर स्तरीय कार्यक्रम | ९४९९२९ |

५९ **पूँजीगतबाट आर्थिक सहायता**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६ मा वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै दीर्घकालिन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले गरिब तथा विपन्न जनता उपचार खर्च उपलब्ध गराउने कार्यविधी, २०७५ जारी गरेको छ।

हालसम्म उक्त कार्यविधी राजपत्रमा प्रकाशित नभएको पालिकाले जनाएको छ । उक्त कार्यविधीको दफा २(ग) मा प्रभावित व्यक्ति भन्नाले विभिन्न रोग लागि उपचारको लागि सहयोगको याचना गर्ने विपन्न परिवारको व्यक्ति वा मानव वा चेलिवेटी बेचविखनमा परेका र बैदेशिक रोजगारीको सिलसिलामा ठगी वा परिबन्दमा परेका लगायत विभिन्न माननीय विपत्तीमा परेर नगरपालिका सामु आर्थिक सहयोगको माग गर्ने व्यक्तिलाई सम्झनुपर्दछ भन्ने उल्लेख छ । त्यसैगरी दफा २(घ) मा गरिब वा विपन्न परिवार भन्नाले नगरपालिकाले कुनै सर्वेक्षण मार्फत विपन्न वा गरिब भनी पहिचान गरेको परिवार वा नेपाल सरकारले गरिबीको परिचय पत्र प्रदान गरेको परिवार वा वडा कार्यालयले आर्थिक अवस्था कमजोर भएको भनी सिफारिस गरेको नगरबासी परिवार वा परिवारको सदस्यलाई सम्झनुपर्छ भनी उल्लेख छ । पालिकाले वडालाई विनियोजन गरेको पूँजीगत बजेटबाट विभिन्न व्यक्तिहरुले दिएको निवेदन उपर वडाअध्यक्षको आदेशबाट निम्न बमोजिमको रकम रु.३८,१७,८२७ भुक्तानी दिई खर्च लेखेको छ ।यस्तो खर्च नियमित नदेखिएको रु.

| वडा नं | रकम |
|---|---|
| १ | ४,००,००० |
| २ | २,२०,००० |
| ३ | ५,००,००० |
| ४ | १,१६,१०० |
| ५ | ३,३९,४०० |
| ६ | ५,६६,०२७ |
| ७ | ५,००,००० |
| ८ | ५,००,००० |
| ९ | ४,००,००० |
| १० | २,७६,००० |
| जम्मा | ३८,१७,८२७ |

| | |
|---|---|
| अनियमित भएको | ३८,१७,८२७ |

६० **उपमेयर छात्रावृत्ती**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ मा स्थानीय तहलाई संविधानको अनुसूची-८ बमोजिम प्राप्त एकल अधिकारको सुचि अन्तर्गत आधारभूत र माध्यामिक शिक्षा स्थानीय तहको अधिकार भित्र पर्ने देखिन्छ । उक्त दफा बमोजिम स्थानीय तहले सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत संभार, सञ्चालन र व्यवस्थापन लगायतका कार्य गर्न सक्ने देखिन्छ । तर यस पालिकाले बार्षिक बजेट तथा कार्यक्रममा उपमेयर छात्रावृत्ती कार्यक्रमबाट स्थानीय जिरीखिम्ती बहुमुखी क्याम्पस र म्याङ्लुङ क्याम्पसलाई रु. ९८५०० र रु.१०००००। गरी कुल रु १९८५००।अनुदान उपलब्ध गराएको देखिन्छ । पालिकाको कार्यक्षेत्र भन्दा बाहिर गरिएको खर्च नियम सम्मत नभएको रु

| | |
|---|---|
| अनियमित भएको | १,९८,५०० |

६१ **मेसिन उपरकण प्रयोग**

कार्यालयमा रहेका डोजर टिपर लगायतका भारी उपकरणबाट करिब रु ७० हजार भाडा असुल गरेको छ । मेसिन उपकरण मर्मत र इन्धन बापत छुट्टाछुट्टै अभिलेख राखी अमानतबाट र अन्य कार्यमा प्रयोग भएको देखिने लगबुक राखेको देखिएन । कार्यालयको साधन प्रयोग गर्दा त्यसबाट प्राप्त हुनुपर्ने आय सुनिश्चित गर्दै प्रयोगको अद्यावधिक अभिलेख राख्नुपर्नेमा सो अभिलेख नदेखिदा प्राप्त हुनुपर्ने आयमा सुनिश्चित हुन सकिएन ।

## ६२ करार कर्मचारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले यस बर्ष निम्न पदहरुमा निम्न संख्यामा कर्मचारी भर्ना गरी पारिश्रमिक भुक्तानी गरेको छ । ऐनको विपरित हुने गरी भुक्तानी भएको रकम नियमित मान्न नसकिने रु

**(विस्तृत विवरण बेरूजु दफा ६२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| | |
|---|---|
| अनियमित भएको | ५४,६०० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : म्याङलुङ नगरपालिका, तेह्रथुम , म्याङलुङ नगरपालिका , तेह्रथुम

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | PURUSHOTTAM GHIMIRE | २०८०-२-१७ | २०८०-६-१ |
| कार्यालय प्रमुख | पुरुषोत्तम घिमिरे | २०८०-२-१७ | २०८०-५-१ |
| कार्यालय प्रमुख | जयराम श्रेष्ठ | २०८०-६-१७ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | गोपाल कृष्ण लिम्बु | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १०५,५७१ | ७,४२३,०११ | ३१,३३२,२२२ | ० | ० | २,१९२,१५९ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ४१,०५२,९६३ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ४१,०५२,९६३ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ६१५०२८०.० | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३७०४६२००० | चालु खर्च | २७०४४३७९९ |
| प्रदेश सरकारबाट अनुदान | ३३४११५५८ | पूँजीगत खर्च | १८७०४५२३४ |
| राजश्व बाँडफाँट | ७६५८३२९८ | वित्तीय/अन्य व्यवस्था | ११८५८९२५८ |
| आन्तरिक आय | ९७६९२१५.० | | |
| अन्य आय | ११००७२३११ | | |
| कुल आय | ६००२९८३८२ | कुल खर्च | ५७६०७८२९१ |
| बाँकी मौज्दात | | ३०३७०३७१ | |

## बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

एकिकृत आय व्यय विवरण

आर्थिक बर्ष २०८०।८१

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | २६८००८४.४९ | १ | चालु खर्च | २७०४४३७९९ | २७०४४३७९९ |
| | क) नगद | | | २ | पूँजीगत खर्च | १८७०४५२३४ | १८७०४५२३४ |
| | ख) बैंक | २६८००८४.४९ | | ३ | वित्तिय व्यवस्था भुक्तानी | | |
| २ | राजस्व ( आन्तरिक आय) | | ८६३५२५१२.१५ | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | ९७६९२१४ | | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | ७६५८३२९८.१५ | | | ग) अन्य भुक्तानी | | |
| ३ | वित्तिय हस्तान्तरण संघ | | ३७०४६२००० | ४ | लगानी | | |
| | क) वित्तिय समानीकरण अनुदान | ८५६५३००० | | | ऋण लगानी | | |
| | ख) सशर्त अनुदान | २५६५०९००० | | | शेयर लगानी | | |
| | ग) समपूरक अनुदान | ८३००००० | | | अन्य लगानी | | |
| | घ) विशेष अनुदान | २००००००० | | ५ | धरौटी फिर्ता | १०७५६९१ | १०७५६९१ |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ३३४११५५८ | ६ | जनश्रमदान फिर्ता | ७८६६६० | ७८६६६० |
| | क) वित्तिय समानीकरण अनुदान | ५६२०००० | | ७ | कोष फिर्ता | ५४२०७९ | ५४२०७९ |
| | ख) सशर्त अनुदान | १२८७०००० | | ८ | मौज्दात | | |
| | ग) समपुरक अनुदान | १४९२१५५८ | | | क) बैंक मौज्दात | ३४९६४११.६४ | ३४९६४११.६४ |
| | घ) विशेष अनुदान | ० | | | ख) नगद मौज्दात | | |
| ५ | | ० | | ९ | शसर्त अनुदान फिर्ता | ३४३७१८५५ | ३४३७१८५५ |
| ६ | अन्य | | ३७१२५७२ | १० | गत बर्षको बढी अल्या | | |
| | क) क्षेत्रीय शहरी विकास योजना | ० | | ११ | जनश्रमदान मौज्दात | | |
| | ख) सडक बोर्ड नेपाल | २४५११०० | | १२ | धरौटी मौज्दात | ३७७६३५३.९१ | ३७७६३५३.९१ |
| | ग) पर्यटन बोर्ड नेपाल | १२६१४७२ | | १३ | कोष खाताको मौज्दात | २३०९७६०५.६४ | २३०९७६०५.६४ |
| | घ) एन एन एस डब्लु ए | ० | | १४ | अन्य विविध खर्च | | ७८६७१५४५.८७ |
| ७ | विभिन्न कोषतर्फको आय | | २३६३९६८४.६४ | | सामाजिक सुरक्षा | ७८०६०४७०.८७ | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्रकोप व्यवस्थापन | २४५९९६.७७ | | | राष्ट्रपति महिला सशक्तिकरण परियोजना | १९६०७५ | |
| | विविध कोष खाता | ३१७७१९६.२२ | | | गरिब सँग विश्वेश्वर | ४१५००० | |
| | विविध खर्च खाता | २०१७१४९१.६५ | | १५ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १८८०००० | १८८०००० |
| | विभाज्य कोष | 0 | | | पर्यटन पूर्वाधार | १२६१४२७ | १२६१४२७ |
| | दैविक प्रकोप व्यवस्थापन कोष | १५००० | | | | | |
| | गरिबि निवारण तथा सामाजिक परिचालन कोष | १५००० | | | | | |
| | वातावरीय व्यवस्थापन विशेष कोष | १५००० | | | | | |
| ८ | जनसहभागिता (नगद) | ७८६६६० | ७८६६६० | | | | |
| ९ | विषयगत निकायबाट प्राप्त | | | | | | |
| १० | धरौटी आय | ४८५२०४४.९१ | ४८५२०४४.९१ | | | | |
| ११ | अन्य विविध आय | | ८०५५१५४५.८७ | | | | |
| | सामाजिक सुरक्षा | ७८०६०४७०.८७ | | | | | |
| | राष्ट्रपति महिला सशक्तिकरण परियोजना | १९६०७५ | | | | | |
| | गरिब सँग विश्वेश्वर | ४१५००० | | | | | |
| | | | | | | | |
| १२ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १८८०००० | | | | | |
| | जम्मा | ६०६४४८६६२.१ | ६०६४४८६६२.१ | | जम्मा | ६०६४४८६६२.१ | ६०६४४८६६२.१ |

## बेरूजु दफा ४२ सँग सम्बन्धित विवरण - अनुसूची -४

| क्र.सं. | लाभग्राहीहरुको नामावली | रकम |
|---|---|---|
| १ | चक्रबहादुर राई | ४५,००० |
| २ | लाल कुमार लिम्बु | ४५,००० |
| ३ | हेमबहादुर लिम्बु | ४५,००० |
| ४ | हर्ककहादुर तामाङ | ४५,००० |
| ५ | रमेश लिम्बु | ४५,००० |
| ६ | टंक बहादुर कटुवाल | ४५,००० |
| ७ | भक्तबहादुर बसेल | ४५,००० |
| ८ | नरध्वज दर्जी | ४५,००० |
| ९ | देवेन्द्र चेम्जोङ | ४५,००० |
| १० | इन्द्रबहादुर लिम्बु | ४५,००० |
| ११ | महेन्द्र प्रसाद तिम्सिना | ४५,००० |
| १२ | ईश्वर माया मगर | ४५,००० |
| १३ | डिल्ली बहादुर बराल | ४५,००० |
| १४ | चित्रबहादुर लिम्बु | ४५,००० |
| १५ | पदम कुमारी लिम्बु | ४५,००० |
| १६ | सन्तोष लिम्बु | ४५,००० |
| १७ | टिका लिम्बु | ४५,००० |
| १८ | भक्तबहादुर दर्जी | ४५,००० |
| १९ | नैना बहादुर बराल | ४५,००० |
| २० | मिलन तुम्बाहाङफे | ४५,००० |
| २१ | भक्त कुमार लिम्बु | ४५,००० |
| २२ | योग बहादुर लिम्बु | ४५,००० |
| २३ | विष्णु कुमार लिम्बु | ४५,००० |
| २४ | जगत बहादुर लिम्बु | ४५,००० |
| २५ | सुर्य बहादुर लिम्बु | ४५,००० |
| | | |

| | | |
|---|---|---|
| २६ | हिक्मत बहादुर थेगुवा | ४५,००० |
| २७ | गोविन्द विश्वकर्मा | ४५,००० |
| २८ | दशरथ नेपाल | ४५,००० |
| २९ | कविता विश्वकर्मा | ४५,००० |
| ३० | ललित सोदेम्बा | ४५,००० |
| जम्मा | | १३,५०,००० |

## बेरूजु दफा ४३ सँग सम्बन्धित विवरण - अनुसूची -५

| योजनाको नाम | कार्यसम्पन्न रकम रु | भुक्तानी रकम रु | | | | भुक्तानी हुनुपर्जे रु. | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | संघीय | प्रदेश | स्थानीय | स्वीस | संघीय | प्रदेश | स्थानीय | स्वीस | |
| अम्फुवा खोला आकाशे सिंचाई योजना | ३२१४३२८.२५ | ११३६९३० | ४५५००० | २२२१८६ | ९७४२५५ | ६४२८६५.६५ | ६४२८६५.६५ | ६४२८६५.६५ | ९६४२९८.४७५ | |
| सिसुवा सिंचाई योजना | ४६५६५१८.३ | ९३५००० | ९३४००० | ८७४५४७ | १४०२००० | ९३१३०३.६६ | ९३१३०३.६६ | ९३१३०३.६६ | १३९६९५५.४९ | |
| मेघा सोर्के सिंचाई योजना | ३५२०४४१.१५ | ७०५००० | ६९८३०० | ६८७६०२ | १०५८०० | ७०४०८८.२३ | ७०४०८८.२३ | ७०४०८८.२३ | १०५६१३२.३४५ | |
| जम्मा | ११३९१२८७.७ | २७७६९३०. | २०८७३००. | १७८४३३५. | २४८२०५५. | २२७८२५७.५४ | २२७८२५७.५४ | २२७८२५७.५४ | ३४१७३८६.३१ | |

## बेरूजु दफा ५७ सँग सम्बन्धित विवरण - अनुसूची -६

| भौचर नं/मिति | लेखेको शीर्षक | लेख्नुपर्ने शीर्षक | रकम |
|---|---|---|---|
| ३३३।११।११ | कर्मचारी तलब | सेवा परामर्श | १५५६९ |
| ४०१।१।१८ | बैठक भत्ता | कार्यालय सामान र भैपरी खर्च | ६६००० |
| ४४८।२।२८ | तलब | विद्युत महसुल | ३६४५० |
| ५०७।३।२४ | भ्रमण खर्च | गाडी भाडा | ७०००० |
| ५१२।३।२४ | मसलन्द खर्च | भैपरी खर्च | १०६४६६ |
| ५१८।३।२४ | भ्रमण खर्च | गाडी भाडा | २८५००० |
| ५२२।३।१४ | विद्युत महसुल | कार्यालय सामान | ९५६५४ |
| ५२७।३।२४ | सेवा परामर्श | मसलन्द खर्च | ५१३३० |
| ५२८।३।२८ | सेवा परामर्श | मर्मत | २०३३५ |
| ५२९।३।२४ | सफ्टवयेर संचालन | मोबाईल खरिद | १३८००० |
| ४५१।३।२४ | सेवा परामर्श् | सेवा करार तलब | ८५८७११ |
| ४५२।३।२१ | सेवा परामर्श | सेवा करार तलब | १०९०२९ |
| जम्मा | | | १८,५२,५४४ |

## बेरूजु दफा ६२ सँग सम्बन्धित विवरण - अनुसूची -७

| क्र.सं. | पद | रकम रु |
|---|---|---|
| १ | सामाजिक परिचालक वडा नं १ र ७ | ४३५००० |
| २ | पशु प्राविधिक वडा नं ३ | १०१००० |
| ३ | पशु प्राविधिक वडा नं ५ | १०००० |
| | जम्मा | |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ।
- पालिकाले भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित

बनाउनुपर्दछ।

- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरूको प्रयोग गरेकोमा यस्ता उपकरण प्रयोगको शुल्क तोकी लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।